# स्थानीय राजपत्र

बौंदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६, भाग १, संख्या ७, मिति २०७९ असोज २५ गते

**भाग-१**

**बौंदीकाली गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय बौदीकाली, नवलपरासी सुस्ता पूर्व**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौंदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बौंदीकाली गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बौदीकाली गाउँपालिकाको सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** यो ऐनको नाम (१) :बौंदीकाली गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७८ रहेको छ ।

यो ऐन बौदीकाली (२)गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** बिषय (१) :वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) “ऐन” भन्नाले बौदीकाली गाउँपालिकाको प्रशासकीय कार्यविधि ऐन (नियमित गर्ने), २०७४ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नाले बौदीकाली गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ग) “गाउँपालिका” भन्नाले बौदीकाली गाउँपालिका सम्झनु पर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँ सभा सम्झनु पर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. **नियम बनाउने अधिकार** नेपालको संविधान (१) :तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त बौंदीकाली गाउँकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

वमोजिम (१) उपदफा (२)नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४. **निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**संविधान (१) :, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही बौदीकाली गाउकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्नेछ ।

५. बचाउः गाउँपालिकाले यसपूर्व गरेका कामहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

**प्रमाणीकरण मिति : २०७८/०३/१०**

आज्ञाले,<br>
लेख बहादुर बस्नेत<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
बौदीकाली गाउँपालिका